# जिल्ला विकास समितिको कार्यालय कपिलवस्तुको

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## २०७१/०७/२३ गते





**रिपोर्टर्स क्लव**

**कपिलवस्तु**

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## मिति २०७१/०७/२३ गते

**परिचय :**

जिल्ला वा निश्चित स्थान भित्र भएका बिकासका निमार्णकाकार्यहरु र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सेवा प्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन एंव सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिकको जिम्मेवारी प्रति जिम्मेवार हुन माध्यम दिने सामाजिक जवाफदेहिताको एक संयन्त्र हो सार्वजनिक सुनुवाई । जसको माध्यमबाट सेवा प्रदायक र सेवाग्राही बीचको विकास कार्य वा सेवा प्रदानको अन्तर सम्बन्धलाई पारर्दशी तरिकाले बलियो बनाउन मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सुसाशनका मुख्य तत्वहरु पारदर्शिता र जावफदेहिता प्रवर्द्धन गर्ने जस्ता मुलभूत कुरालाई पृष्ठपोषण गर्दछ । यसै पारिवेक्षमा जिल्ला विकास समिति कपिलवस्तुले आफ्ना तथा मतहातका बिभिन्न कार्यालयहरुले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारिता र सेवाको विद्यमान अवस्थालाई मुल्याकंन गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो ।

**महत्व :**

हकवालाहरुमा जान्न पाउँने हकको सुनिश्चित गर्दै त्यस माथिको पहुँच बढाई उनीहरुको सशक्तिकरण गर्नुस्थानीय निकायहरुलाई जनता प्रति उत्तरदायी र जनमुखी बनाउन, भ्रष्टाचार न्युनीकरण गर्न, विकास कार्यमा जन सहभागिता बढाउन, समुहिक निर्णयको थलानी गराउन र मानव स्रोत तथा सामाजिक पूँजी विकासगर्नको लागी सर्वजानिक सुनुवाइको महत्व बढी देखिन्छ ।

**उद्देश्य :स्थानीय निकाय खास गरी जिल्ला विकास समिति बाट संचालन हुने सार्वजनिक सुनुवाईकोनिम्न उद्देश्यहरु राखिएका छन ।**

क) जिल्ला विकास समिति तथा मतहातको कार्यालयहरुबाट प्रवाह भएका सेवाहरुलाई गुणस्तरिय रसर्वपहुँच बनाई सेवा ग्राहीको सन्तुष्टी बृद्धि गर्न ।

ख) जिल्ला विकास समिति तथा मतहातको कार्यालयहरु बाट प्रवाह हुने सेवाहरु वारे सरोकारवालानागरिकहरुलाई सचेतना अभिबृद्धि गर्न ।

ग) जिल्ला विकास समिति तथा मतहातको कार्यालयहरुको क्रियाकलापहरुको सरोकारवाला नागरिकहरुप्रति जवाफदेहिता अभिबृद्धि गर्न ।

घ) जिल्ला विकास समिति तथा मतहातको कार्यालयबाट प्रवाह हुने सेवाहरुमा सरोकारवाला सेवाग्राहीहरुको सहभागितामा बृद्धि गर्नु ।

ड.) जिल्ला विकास समिति तथा मतहातको कार्यालयहरुको कृयाकलापहरुलाई पारर्दशी बनाउन ।

च) सेवाग्राहीलाई आफ्नो हक र अधिकार प्रति सजक तथा जिम्मेवार बनाउन ।

छ) सेवा प्रदायक निकाय निकाय सेवाग्राही बिचको खाडल कम गर्न ।

## कार्य :

- ❖ नेपाली राष्ट्रिय साप्ताहिकसाभ्फान्यूजमा मिति २०७१कात्तिक २ गते सार्वजनिक सूचना प्रकाशन तथा रेडियो कपिलवस्तुबाट समेत प्रसारण गराएको ।
- ❖ कार्यक्रम संचालन एवं ब्यवस्थापनका लागी सम्बन्धित निकाय, नागरिक समाज तथा रिपोटर्स क्लवसंग छलफल गरिएको ।
- ❖ नेपाल सरकारले जारी गरेको स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि २०६७ अनुसारकाढाँचामा सुचना संकलन नागरिक समाज पक्ष बाट गरिएको ।
- ❖ सुचना एकिकृत गरिएको ।
- ❖ पूर्व तयारी बैठकको लागी नागरिक प्रतिवेदन पत्र (CITIZEN REPORT CARD) तयार गरेको ।
- ❖ पूर्व तयारी बैठक सहयोगी एवं सम्बन्धित निकायसंग गरिएको ।
- ❖ सरोकारवालाहरुलाई पत्रचार सम्बन्धित कार्यालयबाट गरिएको ।
- ❖ सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धित निकाय, सरोकारवाला निकायहरु, संचारकर्मी, समाजसेवी, बुद्धजिवी, ब्यवसायी तथा स्थानीय सरोकारवाला नगरिकहरुको सकृय सहभागितामासंचालन गरिएको ।

**कार्यक्रमको अध्यक्षता: श्री अब्दुल कलाम** नि. बर्तमान अध्यक्ष शिसवा गाविस

**कार्यक्रमको बारेमा जानकारी तथा स्वागत मन्तव्य :**राजन पोखेल सूचना अधिकृत जि.वि.स.क.व.

**कार्यक्रमको प्रतिवेदन प्रस्तुती :**किरणमान बज्राचार्य उपाध्यक्ष नेपाल पत्रकार महासघ कपिलवस्तुप्रतिवेदन अनुसुचि नं. १ मा संलग्न रहेको छ ।

**कार्यक्रम संचालन :**मणि प्रसाद गैह्रे सचिव प्रेस युनियन

**टिपोट :** बसन्त बन्जाडे

**कार्यक्रम संचालन प्रकृया :**स्थानीय जनता, संचारकर्मी तथा जवाफदेही समुह गरी जम्मा तीन भागमाविभाजित भई कार्यक्रम संचालन गरिएको ।

**कार्यक्रम आयोजना स्थल** : स्वास्थ्य चौकी शिसवा

**कार्यक्रम आयोजना गरिएका मिति र समय** : २३कार्तिक २०७१,(१:०० देखि ६:०० बजे सम्म )

**कार्यक्रम संचालन गरिएको समयावधि** (घण्टा, मिनेटमा) : ५ घण्टा

**जम्मा सहभागी:१३३**

## उठेका प्रश्न जिज्ञासा र उत्तर :

| क्रस संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न, गुनासो, सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १ | खरिद अहमद शिसवा ९ | • स्वास्थ्य चौकी मात्र भवन छ, औषधी, कर्मचारी, एम्बुलेन्स छैन । कसरी सेवा लिने तथा अस्पतालको बाउड्री भित्र माटोपटान हुनु पर्यो ।<br>• कृषि कार्यालयले दिने सेवा सुविधाबारे अशिक्षित र गरिवलाई जानकारी गर्नु पर्ने?<br>• बाटोको समस्याले बर्षा याममा हातमा चप्पल लिएर हिड्नु पर्ने बाध्यता ।<br>• नागरिकता सर्जमिन गर्ने कार्य प्रहरीले गर्नु पर्यो यहाबाट सदरमुकाम जान समस्या छ । | • खुर्सेद अहमद कार्यालय प्रमुख जिल्ला कृषि विकास कार्यालय<br>• ईन्जिनिय बिरेन्द्र कुवर सडक डिभिजन कार्यालय<br>• मेघनाथ पाध्य प्रशासकिय अधिकृत जिल्ला प्रशासन कार्यालय<br>• जगन्नाथ पन्त स्थानिय विकास अधिकारी जिल्ला विकास समिति | • कृर्षि कार्यालयले दिने सेवा सुविधकाहरुको विषयमा हामिले सूचनाहरु प्रकान प्रशारण गरिरहेका छौ तपाईले अन्य जानकारीकोलागि टोल फ्रि नं.मा सम्पर्क गर्न सक्नु हुनेछ ।<br>• हुलाकी सडक भारत सरकारको सहयोगमा निर्माण हुने सम्झौता भएको छ । दशैको बेलामा गिट्टी रोडा खसाल्लेर ग्राभेल गर्ने योजना थियो तर गिट्टी बालुवा निकाल्न पाईएन । अव बाटोहरु निमार्ण हुन्छ ।<br>• जस्को बाबुको नागरिकता उसको नागरिकता हुन्छ उसलाई सर्जमिन गर्नु पर्दैन । तर बाबुको नागरिकता नभएको अवस्थामा सर्जमिन गर्नु पर्छ ।<br>• हामि आएका छौ यहाँको सडक देखी अस्पताल आदी समस्याहरुको समाधान हुन्छ |
| २ | रामेश्वर प्रसाद चौधरी प्रतिनिधी रा.प्र.पा नेपाल शिसवा | • स्वास्थ्य चौकीमा औषधी, कर्मचारी, एम्बुलेन्स छैन ।<br>• कजरहवा देखी शिसवा गाविस तथा यी गाविसका एक देखी अर्को वडा जोड्ने बाटोहरु छैनन् ।<br>• शिसवा गाविसको कृषीको कर्मचारीको हो कहाँ छ ।<br>• सिचाईको व्यवस्था हुनु पर्यो । | • खुर्सेद अहमद कार्यालय प्रमुख जिल्ला कृषि विकास कार्यालय | • ६९ गाविसलाई १८ कर्मचारीले हेर्नु पर्ने अवस्था छ । त्यस्तो केही समस्या परेमा या जानकारी लिनु परेमा टोल फ्रि नम्बरमा सम्पर्क गर्न सक्नु हुन्छ ।, सानो सिचाई योजना तथा बोरिगंकालागि कृषि कार्यालयले पनि सहयोग गर्छ |

| | | | | |
|---|---|---|---|---|
| | | | | जस्कालागि समुह दर्ता गरेर आउनु पर्छ । ठूला योजनाकोलागी सिचाई डिभिजन र नल्कुपमा जानु पर्छ । |
| ३ | नेवर धुनिया महाराजगंज | • महाराजगंज प्रा.स्वा.के. मा MBBS डा. को दरबन्दि छ तर डा. आएको छैनन्<br>• बाटोको कारणले १० बर्ष चल्नु पर्ने एम्बुलेन्स २ वर्ष पनि चलेन अव के गर्ने । | • | • |
| ४ | मोहम्मद सालिम शिसवा ६ | • जिल्ला प्रशासन कार्यालयमा प्र.जि.अ., सहायक प्र.जि.अ. देखी लिएर ३/४ जना प्रशासकिय अधिकृत हुदा पनि हामी यहाँबाट त्या पुगेर एउटा निवेदनमा तोक लगाउन ३ घन्टा कुर्नु पर्छ । | • मेघनाथ पाध्य प्रशासकिय अधिकृत जिल्ला प्रशासन कार्यालय | • त्यस्तो हुदैन कामको प्रकृती हेरेर हुन्छ । कोही न कोही हुन्छ । |
| ५ | मुन्नि देवी | • स्वास्थ्य स्वमसेवीकाहरु समस्याहरु समाधान हुनु पर्यो । | | |
| ६ | शम्भु प्र. पासी | • बिगत ४० बर्ष देखी हामीले जोत भोग गर्दै आएको जग्गा हाल धनी मान्छेहरुले आफ्नो गराएका छन् हामी कहाँ जाने । | • | • |
| ७ | काशीराम यादव | • बिऊ, मल, सिचाई, छैन हामीले कसरी खेती गर्ने । | • खुर्सेद अहमद कार्यालय प्रमुख जिल्ला कृषि विकास कार्यालय | • मलको समस्या यो वर्ष हुने छैन । जिल्लामा ३१ हजार हेक्टर जमिनमा गहुँको खेती हुन्छ जस्कालागी ३७ हजार मेट्रिकटन गहुँको आवश्यकता पर्छ । तर कृषि सामाग्री संस्थानसंग अहिले ५०० मे.टन. गहुँ ६० रुपैया किलो पर्ने गहुँको बिऊलाई हामीले ३५ प्रतिशत छुट गरी ४० रुपैयामा बेच्ने निर्णय गरेका छौ जस्कालागी बिभिन्न डिलरहरुले जिम्मा लिएका छन् । जस्को सूचना रेडियोहरुमा प्रशारण गरिएको छ । |
| ८ | अब्दुल नाबुर खाँन ने.क.पा. एमाले | • कुसवा देखी हरदौना सम्मको बाटो तत्काल पिच हुनु पर्यो ।<br>• नेपाल रासायानिक मल छैन भारतबाट ल्याउदा प्रशासनले दिदैन के गर्ने । | मेघनाथ पाध्य प्रशासकिय अधिकृत | भारतबाट साईकलमा ५० के.जी. सम्म रासायानिक मल कृषि प्रयोजनलागी ल्याउन छुट गरिएको |

| | | | | |
|---|---|---|---|---|
| | उपाध्यक्ष क्षेत्र नं. ४ | | | तर एउटै साईकलले पटक पटक बेच्न भने ल्याउन पाईदैन् |
| ९ | मनोहर हुसेन धुनिका महाराजगंज | • बाटोको समस्याले डेलिभरी गराउन जादा खटियामा बोकेर लानु पर्छ । गाविस सचिवलाई देखाउन लिएर जादा सचिवले नाकमा रुमाल छोपेर बाटो हेरेर आएर बाटोकोलागी निवेदन माग्नु भयो हस्ताक्षर गरेर ल्याएर दियौ तर सुनुवाई भएन ।<br>• ट्वाईलेट बनाउन २३०० रुपैया लिएर हामीहरुलाई ट्वाईलेट बनाउदा पानी राख्न लगाईयो । | • टिकाराम आचार्य गाविस सचिव महारागंज<br>• जगन्नाथ पन्त स्थानिय विकास अधिकारी | • गाविस परिषदमा नआए पनि उक्त बाटो निमार्ण गर्नु पने बाटो त्यसैले आन्तरिक श्रोतबाट भए पनि गर्ने सोच थियो तर बजेटको कमिले सम्भव भएन आगामी परिषदबाट पास गराई बजेट छुट्याएर निमार्ण गर्ने हो ।<br>• सिट, रिगं, ढकनकोलागी १५०० उठाईएको हो भने ८०० रुपैया सिट, रिगं बसाल्न ज्याला हो । पानी हाल्लने र संरक्षण गर्ने जिम्मा परिवारको हो । सबैको घरमा गएर पानी हाल्ने कार्य सम्भव छैन ।<br>• म भर्खर आएकाले कहा कस्ता योजना लागु भएका त्यती थाहा छैन तर म छिट्टै राजनैतिक दलहरु बसी कहाँ के हुदैछ के आवश्यक छ भनि छलफल गरेर निमार्ण कार्य सुरु हुन्छ ।<br>• पैसा उठाएर गाविसले ठेक्कामा लिएर ट्वाईलेट बनाउने कार्य गल हो । यसरी काम गरे पछी विवाद आउछ । |
| १० | मेनका चौधरी : श्री लक्ष्मि प्रा.वि. शिक्षिका | • बिद्यालयमा स्वच्छ खानेपानी र ट्वाईलेटमा पानीको व्यवस्था हुनु पर्यो ।<br>• बिद्यालयको दक्षिणमाभएको नदी कटान नियन्त्रण हुनु पर्यो ।<br>• गत वर्षको बाल शिक्षाको रकम नआएको शिक्षा कार्यालयमा पठाएको कागजात हराएको छ । अव हामीले कसरी रकम प्राप्त गर्ने । | • प्रेम प्रसाद डोटेल खाने पानी तथा सरसफाई डिभिजन कार्यालय<br>• हरि प्रसाद गौतम जिल्ला शिक्षा अधिकारी | • ट्युवेलको पानी खादा केही हुदैन त्यो पानी स्वच्छ छ । मात्र आर्सनिक लगायत कुराहरु चेक गर्नु पछ तर ट्यूवेलमा सिमेन्टको प्लेट भने अवश्य बनाउनु पर्छ यदि नबनाएमा त्यी पानी तल जान्छ ।<br>• केही बालविकासमा लाप्रवाही भएकोले समस्या परेको हुन सक्छ त्यस विषयमा हेर्नेछौ |
| ११ | शतिष कुमार हरिजन | • बहादुरगंजमा पशु सेवाकोलागी जग्गा प्राप्त भईसके पनि भवन निमार्ण कार्य सुरु भएको छैन । पकृया कहाँ पुगेको छ | • राज किशोर यादव कार्यालय | • बहादुर सेवा केन्द्रको काम लगत्तै सुरु हुदैछ ।<br>• छात्रवृत्तिको रकम निमार्णकार्यमा |

| | | | | |
|---|---|---|---|---|
| | बहादुरगंज | । <br>● छात्रबृद्धिको रकम भवन निमार्ण खर्च गरिएको छ । कारवाही हुन्छ या हुदैन । <br>● बिद्यालयमा छात्रवृद्धि वितरणगर्दा पहाडी दलित नेपाली दलित छुट्टाउन नसकेको भन्दै प्र.अ. अन्यलाई छात्रवृत्ति वितरण गरेको पाईएको छ । <br>● बहाँदुरगंजको शाहार नहरमा विगतमा आफै पानी आउथ्यो हाल करोडौ खर्च भएको छ तर पानी आएको छैन् किन । | प्रमुख पशु कार्यालय <br>● हरि प्रसाद गौतम जिल्ला शिक्षा अधिकारी | खर्च भएको छ भने कारवाही हुन्छ । उजुरी गर्नुस सिधै अख्तियारमा पठाईदिन्छु हामीले र्गनु पर्दैन उसैले गर्छ । <br>● पहाडी दलित र मधेशी दलितमा विवादनै राज्यले छुट्टाएको छ । त्यस्तो समस्यानै छ भने आउनुस शिक्षा कार्यालयमा लिस्ट नै छ यदि कसैले गलत गरेको छ भने उजुरी गर्नुहोस कारवाही हुन्छ । |
| १२ | राकेश रैदास हरदौना १ | ● बालबालिका पोषण भत्ता १ कट्ठा र १ कट्ठा भन्दा कम जग्गा भएकालाई मात्र दिने भन्ने नियम छ तर हाम्रो गाविसमा १ कट्ठा भन्दा कम जग्गा भएको २ मात्र परिवार छ तर २ कट्ठा भएकालाई दिईदिदैनन् ६ कट्ठा भएकाले पाउँछन् । | ● गाविस सचिव हरदौना | ● १ कटछठा भन्दा कम हुनेले पाएका छन् म यस गाविसमा आएको मात्र १०/१५ दिन भएको छ । तर राजनैतिकदलहरुले विवरण टिपाउदा जवरजस्ति आफ्ना मान्छेको नाम टिपाउदा समस्या आएको छ । |
| १३ | पवन कुमार हरिजन अजिगरा सामाजिक परिचालक | ● असार देखी असौजको अन्तिम सडका हिलालम्मे हुन्छ । <br>● बाटो घाटो निमार्ण, ह्याण्ड पाई नल मागको योजना पेस गर्छौ योजना पर्दैन तर अरुले पैसा लैजान्छन् । <br>● ४ जना अपागंहरु जसलाई रातो कार्ड दिनु पर्नेलाई निलो दिईएको छ । | ● सुस्मा आचार्य महिला तथा वाल वालिका कार्यालय <br>● जगन्नाथ पन्त स्थानिय विकास अधिकारी | ● अपागं कार्ड वितरण गर्दा गाविसको सिफारिस, जन स्वास्थ्यको सिफारिसको आधारमा गरिन्छ यदि कार्ड बनाउदाको समयमा भन्दा पछी व्याक्तिको अवस्था खराव हुदै गएमा पुनः कार्ड बनाउन सकिन्छ । <br>● बाटोको अवस्था जुन हुनु पर्ने त्यो नभएको पाईयो यस्मा सुधार हुन्छ, गाउँ परिषद गर्दा आवश्यकता ध्यान दिएर एक गाउँ देखी अर्को गाउँ जोड्ने योजनाहरुलाई हेर्नुस । |
| १४ | अनावर अली गद्धि | ● दक्षिण तराईका गाविसहरुमा सचिवको दवदवा शासन किन ? <br>● बन व्यवस्थापनमा हाम्रो हक हिस्सा छैन् लास जलाउन दाउरा पाउन समस्या छ । <br>● भू: संरक्षणकालागी नदी कटान नियन्त्रण गर्नु पर्छ । <br>● सबै सरकारी कार्यालयमा काखा पाखा गर्ने बानी कहिले सम्म । | ● जगन्नाथ पन्त स्थानिय विकास अधिकारी <br>● खुर्सेद अहमद कार्यालय प्रमुख कृषी विकास कार्यालय <br>● राज किशोर | ● गाविस सचिवले गलत गरेमा उजुरी गर्नुहोस कारवाही हुन्छ । आजको कार्यक्रममा भुः संरक्षण कार्यालयलाई पनि निमन्त्रण गर्नु पर्दो रहेछ । यो हाम्रो गल्ति हो । <br>● हामिसंग ६९ गाविस हेर्न मात्र १८ जना कर्मचारी छन् कुनै पनि समस्या परे या जानकारी चाहिए हाम्रो टोल फ्रि नं सम्पर्क गर्नु होला । |

| | | | | |
|---|---|---|---|---|
| | | • गैडहवामा रहेको कृषि उपकेन्द्रको १ कर्मचारीले १३ गाविस हेर्नु पर्छ । नर्सरी, बिऊ, मल केही छैन् ।<br>• गाउँमा १००/२०० भैसी छन् तर दुध २० रुपैया लिटर बेच्न हामी बाध्य छौं ।<br>• नसल, बिज, उन्नत घाँसको व्यवस्था किन नभएको ।<br>• शिक्षको अनुगमन फितलो भयो । शिक्षक बिद्यालयमा गएकी नाई पढाएकी नाई कसैलाई मतलव छैन ।<br>• सडक, हुलाकी सडकमा गिट्टी, बालुवाको सट्टा माटो गिराएर बर्षामा हिड्न नस्क्ने किन बनाएको । | यादव कार्यालय प्रमुख पशु सेवा कार्यालय | • महाराजगंजमा रहेको पशु सेवा केन्द्रमा २ जना प्राविधिक र १ जना कार्यालय सहायक छन् । तपाईहरुले फोन गर्नुस उनिहरु तपाईको घरमा बिज दिएर जान्छन् । एउटा बिजको २५ रुपैया पर्छ। उनिहरुको आएको यातायाता व्यस्था तपाईहरुले गरेर उनिहरुलाई खुसी राख्नुस ।<br>• |
| १५ | ईस्लावती कुर्मी | • महिला विकासमा सहकारी दर्ता गर्न जादा दर्ता हुदैन किन ? | • सुस्मा आर्चाय महिला तथा बाल बालिका कार्यालय | • हकारी दर्ता गर्ने कार्य शहकारी डिभिजन कार्यालयले गर्ने हो । महिला तथा बाल बालिका कार्यलयले सिफारिस दिएको छ । |
| १६ | सतिष कुमार हरिजन शिसवा | • एक जना ६० वर्षीय वृद्धाको श्रीमान नागरिकता हुदा हुदै पनि नागरिकता बनेको छैन कहिले बन्छ । ईलाकाले बन्दैन भन्दै पठाईदिन्छ । | • मेघनाथ पाध्य प्रशासकिय अधिकृत | • नागरिकता बन्छ ईलाकाले त्यसो भनेका भए जिल्लामा आउनुस । अवश्य बन्छ । |
| १७ | गंगेस कुमार तिवारी | • सडक बन्दैछ पछाडी भत्कीदै छ किन?<br>• बर्घदी पुल बनाउदा बित्तिक दुवै तिर खाल्टा परेका छन्<br>• जवई सिचाई आयोजना व्यवस्थित गर्नु पर्यो ।<br>• बेल बर्घदी सिचाई आयोजना बन्नु पर्यो ।<br>• एउटा गाविस सचिवले २ देखी पाचँ वटा सम्म गाविस हेरेको अवस्थामा कसरी सही तरिकाले काम हुन्छ । धेरै गाविसमा बाबु बाबु मिलेर परिषद हुन्छ यस्तो अवस्थामा कसरी काम हुन्छ ।<br>• प्रत्येक बिद्यालयको अनुगमन हुनु पर्यो । पहिला देखी पढाएका अस्थाई शिक्षकलाई व्यवस्थापन गर्नु पर्यो ।<br>• कृर्षी सम्बन्धि सम्पुर्ण सूचना संचार | • बिरेन्द्र कुवर सडक डिभिजन कार्यालय<br>• खेम बहादुर पाठक सिचाई डिभिजन कार्यालय<br>• जगन्नाथ पन्त स्थानिय विकास अधिकारी<br>• हरि प्रसाद गौतम जिल्ला शिक्षा अधिकारी | • यसरी भत्किएका सडकहरु मर्मत हुन्छ यदि बनाएको एक वर्षमै त्यस्तो भएको छ भने सम्बन्धित ठेकदारले आफै बनाउछ, बर्घदी घाटका पुलको छेउ छाउको खाल्टो पर्नु कारण माटो धसिएर हो । पुनः माटो पटान हुन्छ ।<br>• म जिल्ला आएको धेरै भएको छैन गाविस सचिवहरुको विषयमा म हृर्छु बढी दुईवटा गाविस हेर्ने र नजिक नजिम भएको गाविसहरु हेर्ने तरिकाले मिलाउछौ ।<br>• जवई सिचाई आयोजना र सुखनिया तालको सर्बे हुदैछ १० लाख रुपैया छुट्याईएको छ । बेल बर्घदी योजना जवई सिचाई योजनाको |

| | | | | |
|---|---|---|---|---|
| | | माध्यमबाट प्रकाशन प्रशारण गर्नु पर्यो<br>• प्रशासनमा चिनेकाको मात्र काम हुन्छ ।<br>• दोहोरो नागरिकता लिएका बिरुद्ध उजुरी गर्नेको नागरिकता उल्टै प्रशासनले लिएको छ । किन ? | • मेघ नाथ पाध्य जिल्ला प्रशासन कार्यालय | काम छिट्टै सुरु हुदैछ ।<br>• बिद्यालयहरुको अनुगमन हुन्छ तर शिक्षाले मात्र अनुगमन गरेर हुदैन बिद्यालयको अनुगमन गर्ने त्या कसरी पढाई भईरहेको शिक्षक बिद्यालयमा गएका छन या छैनन अनुगमन गर्ने र उजुरी गर्ने जिम्मा हामी सम्पुर्ण नागरिकको हो ।<br>• प्रशासन त्यस्तो हुदैन त्या सबैको काम हुन्छ । दोहोरो नागरिकता लिएकाको नागरिकता जफत गरेर अनुसंधान हुदैछ अनुशधानकालागि उजुरीकर्ताको पनि नागरिकता राखिएको हो । |
| १८ | अतहरहुसेन गद्धी अपागं | • हामी अपागं भएकालाई पढ्न जान आउन धेरै समस्या भएको छ ।<br>• बार्षिक तर्जुमामा अपागंलाई छुट्टाईएको बजेट २०,००० हाल सम्म पाईएको छैन् । | • सुस्मा आचार्य महिला तथा बालबालिका कार्यालय<br>• गाविस सचिव हरदौना | • पढ्न जान समस्या भएको बिद्यार्थीहरुका लागि बिभिन्न संघ संस्थाहरु वहील चेयर उपलब्ध गराउछन तौलिहवामा रहेको आई.एन.एफ.ले पनि ति सामाग्रीहरु उपलब्ध गराउदै आएको छ । त्या सम्पर्क गर्दा राम्रो हुन्छ ।<br>• म यस गाविसमा आएको १०/१५ दिन मात्र भएको छ म हेर्छु के कस्तो छ । |
| १९ | टिका देवी उपाध्याय बरकलपुर २ | • २०५० साल देखी काम गर्दै आएका स्वमसेवकलाई सम्मान गर्नु पर्यो ।<br>• नवजात शिसु स्यार बापतको पाउनु पर्ने ४०० रुपैया हाल सम्म नपाईएको।<br>• अस्पतालमा डा.हरुको उनुपस्थिती किन?<br>• स्वमसेवहरु अन्य कार्यक्रममा जादा पनि २०० भन्दा बढी भत्ता नदिनु भनी स्वास्थ्य कार्यालयले किन आदेश गरेको छ । | • | • |
| २० | देबी बेल्बासे बरकलपुर १ जिल्ला | • ढुगां गिट्टी, बालुवाको निकास हाल सम्म नखुल्दा जल उत्पन्न कार्यालय क्षेत्र नं. ५ भैरहवाबाट परेको डेड करोणको योजना लगायतका सयौ | • जगन्ना पन्त स्थानिय विकास अधिकारी | • ढुंगा गिट्टीको समस्याले निर्माणका कार्यहरु रोकिएको कुरा आयो हजुरहरु ढुक्क हुनुहोस मंसिर १ देखी७ गते सम्ममा ढुंगा गिट्टी |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य नेकपा एमाले | योजना फेल भईरहेका छन् भने अर्को तर्फ घर बनाउने देखी लिएर सम्पुर्ण निमार्णका कार्य ठप्प भएका छन् ।<br>● ZTA हरुलाई कसैले चिन्दैनन् कृषि कार्यालयले कसरी काम गरेको छ ।<br>● सरकारी बिद्यालयको अवस्था दिन दिनै खस्किएको छ प्रत्येक १५/१५ दिनमा अनुगमन हुनु पर्यो ।<br>● महाराजगंज गाविस भएको डिप बोरिगंको बारेमा नल्कुप कार्यालयमा गएर समस्या राख्दा समाधान भएन । | ● खेम बहादुर सिचाई डिभिजन | बालुवा खुल्नेछ ।<br>● महाराजगंजमा भएको डिप बोरीगं लिफ्न योजना अन्तरगतको नयाँ योजना हो काम हुदैछ । |
| २१ | गोबर्धन प्रसाद मोर्या कुशवाहा ३ | ● स्कुलको लागी जग्गा दाता छन् । स्कुल बनाउन के गर्नु पर्ला<br>● पत्रकारहरुले गाउँ गाउँ हुने विकास निमार्ण र अवस्थाबारे समाचार लेख्नु पर्यो । | ● हरि प्रसाद गौतम जिल्ला शिक्षा अधिकारी<br>● किरण मान बर्जाचार्य उपाध्यक्ष पत्रकार महाँसंघ | ● नयाँ बिद्यालय दर्ताकालागी पुसमा आवेदन दिनुहोस पकृया अगाडी बढ्छ ।<br>● तपाईहरुले जानकारी दिनुहोस हामीले सम्प्रेशण गर्छौ । |
| २२ | धमेन्द्र रैदास कुशवा १ | ● हाम्रो गाउँमा कत्तिको घर छ तर लसुन लगाउने ठाउँ छैन् । कत्तिको यति धेरै जग्गा जस्मा उनिहरुमात्र रोकाएर बसेका छन् ।<br>● शुद्ध खानेपानी छैन् , खानपानको राम्रो व्यवस्था नहुंदा स्मरण शक्तिको कमी छ ।<br>● सबै नागरिकलाई समान व्यवहार हुनु पर्यो । | ● | ● |
| २३ | हकिकुल्ला शिसवा १ | ● मदरसाकोलागी २ वर्ष देखी बजेट आएको छैन् किन ?<br>● मदरशालाई न बजेट दिईएको छ न दरबन्दि किन शिक्षामा आवद्ध गराईएको | ● हरि प्रसाद गौतम जिल्ला शिक्षा अधिकारी | ● एउटै गाउँमा धेरै मदरसाहरु खोल्न भएन मदरसाहरुले पकृया पुरा गरेर आउने मदरसाहरुलाई प्रत्येक वर्ष १ लाख ६८ हजार हामीले उपल्बध गराउछौ ।<br>● मदरसाहरुमा शिक्षकहरु पठाउदा लिएका छैन्न् त्यसैले समस्या भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| २४ | करम हुसेन प्रतिनिधी माओवादी | • सबै भन्दा बढी काम पर्ने मालपोत कार्यालयका प्रत्येक कोठामा रेट तोकिएको छ यो कहिले सम्म ।<br>• नेपालको बन जनताको धन भनिन्छ तर घर बनाउन काठको लागी निवेदन दिईयो भने बन कार्यालयमा ४ वर्ष थन्किछ ।<br>• तराई मधेशका ३० प्रतिशत जनताको नाम नागरिकतामा गलत भएको छ कसरी सच्चाउने र अव कसरी गलत हुनबाट रोक्ने ध्यान दिनु पर्यो । | • | • |
| २५ | ईन्चार्ज शिसवा स्वास्थ्य चौकी | • स्वास्थ्य चौकी हस्तानतरण गर्नु पर्यो ।<br>• बर्थिगं सेन्टर खोलियो तर जनशक्ति छैन ।<br>• २०५७ सालमा स्थापित बहादुरगंज प्रा.स्वा.केन्द्रमा हाल सम्म MBBSमा छैनन् । | • | • |

## समुदायको सुझाव :

१. स्वास्थ्य चौकी व्यवस्थित गर्नु पर्ने औषधी, कर्मचारी, एम्बुलेन्स व्यवस्था गर्नु पर्ने
२. कृषि कार्यालयले दिने सेवा सुविधाबारे अशिक्षित र गरिवलाई जानकारी गर्नु पर्ने ?
३. बाटोको व्यवस्था गर्नु पर्ने
४. नागरिकता सर्जमिन गर्ने कार्य प्रहरीले गर्नु पर्ने आम नागरिकलाई सदरमुकाम धाई राख्नु पर्ने बाध्यता छुटकरा पाउनु पर्ने ।
५. कजरहवा देखी शिसवा गाविस तथा यी गाविसका एक देखी अर्को वडा जोड्ने बाटोहरु व्यवस्था गर्नु पर्ने ।
६. गाविस स्तरका कृषीको कर्मचारी चिनिनु पर्ने ।
७. सिचाईको व्यवस्था हुनु पर्ने ।
८. महाराजगंज प्रा.स्वा.के. मा MBBS डा. को दरबन्दि हुदा पनि नआएको अवस्था तत्काला पठाउनु पर्ने
९. बाटोको कारणले १० बर्ष चल्नु पर्ने एम्बुलेन्स २ वर्ष नचलेका कारणले छिटो बाटोको व्यवस्था गर्नु पर्ने
१०. स्वास्थ्य स्वमसेवीकाहरु समस्याहरु समाधान हुनु पर्यो ।
११. सुकुम्बासी समस्या समाधान गर्नु पर्ने बिगत ४० बर्ष देखी जोत भोग गर्दै आएको जग्गा हाल धनी मान्छेहरुले आफ्नो गराएका कारणले ।
१२. कुसवा देखी हरदौना सम्मको बाटो तत्काल पिच हुनु पर्ने ।
१३. यात नेपालमा रासायानिक मलको व्यवस्था गर्नु पर्ने या भारतबाट ल्याउदा प्रशासनले नरोक्नु पर्ने ।
१४. बिद्यालयमा स्वच्छ खानेपानी र ट्वाईलेटमा पानीको व्यवस्था हुनु पर्यो ।
१५. नदी कटान नियन्त्रण हुनु पर्ने ।

१६. बहादुरगंजमा पशु सेवाकोलागी भवन निमार्ण कार्य सुरु गर्नु पर्ने ।
१७. छात्रबृद्धिको रकम भवन निमार्ण खर्च गरिएकोले अनुगमन गर्नु पर्ने ।
१८. बहाँदुरगंजको शाहार नहरमा विगतमा आफै पानी आउथ्यो हाल करोडौ खर्च भएको छ तर पानी आएको छैन् तत्काल बनाईदिनु पर्ने ।
१९. दक्षिण तराईका गाविसहरुमा सचिवको दवदवा शासन बन्द गर्नु पर्ने?
२०. बन व्यवस्थापनमा हाम्रो हक हिस्सा हुनु पर्ने दाउराको पाउन समस्या छ समाधान गर्नु पर्ने ।
२१. सबै सरकारी कार्यालयमा गरिने काखा पाखा गर्ने बानी हटाउनु पर्ने ।
२२. गैडहवामा रहेको कृषि उप केन्द्रको १ कर्मचारीले १३ गाविस हेर्नु पर्ने समस्या समाधान गरी नर्सरी, बिऊ, मल उपलब्ध गराउनु पर्ने ।
२३. गाउँमा उत्पादित दुधले उचित मुल्य पाउनु पर्ने।
२४. नसल, बिज, उन्नत घाँसको व्यवस्था गर्नु पर्ने ।
२५. शिक्षको अनुगमन व्यवस्थित गर्नु पर्ने ।
२६. सडक, हुलाकी सडकमा गिट्टी, बालुवाको सट्टा माटो गिराएर बर्षामा हिड्न नस्क्ने बनाएर जनतालाई दुःखः नदिनु पर्ने ।
२७. नागरिकता समस्या समाधान हुनु पर्ने ।
२८. सडकबनाउदा गुणस्तरमा ध्यान दिनु पर्ने ।
२९. जवई सिचाई आयोजना व्यवस्थित गर्नु पर्ने, बेल बर्घदी सिचाई आयोजना बन्नु पर्ने ।
३०. एउटा गाविस सचिवले १ मात्र गाविस हेर्नु पर्ने ।
३१. गाविस परिषदमा सबैको सहभागिता हुनु पर्ने ।
३२. पहिला देखी पढाएका अस्थाई शिक्षकलाई व्यवस्थापन गर्नु पर्ने ।
३३. दोहोरो नागरिकता लिएका बिरुद्ध उजुरी गर्नेको गोपिनियता राखी उजुरीकर्ताको नागरिकता उल्टै प्रशासनले नलिनु पर्ने?
३४. अपागं भएकालाई पढ्न जान आउन पर्ने समस्या समाधान गर्नु पर्ने ।
३५. २०५० साल देखी काम गर्दै आएका स्वमसेवकलाई सम्मान गर्नु पर्ने ।
३६. नवजात शिसु स्यार बापतको पाउनु पर्ने ४०० रुपैया पाउनु पर्ने ।
३७. अस्पतालमा डा.हरुको उपस्थिती हुनु पर्ने ।
३८. स्वास्थ्यस्वमसेवीकाहरु अन्य कार्यक्रममा जादा पनि २०० भन्दा बढी भत्ता नदिनु भनी स्वास्थ्य कार्यालयले किन आदेश गरेको त्यस्ता आदेश गर्न नहुने ।
३९. ढुगां गिट्टी, बालुवाको निकास तत्काल हुनु पर्ने।
४०. पत्रकारहरुले गाउँ गाउँ हुने विकास निमार्ण र अवस्थाबारे समाचार लेख्नु पर्ने ।
४१. सबै नागरिकलाई समान व्यवहार हुनु पर्ने ।
४२. सबै भन्दा बढी काम पर्ने मालपोत कार्यालयका प्रत्येक कोठामा रेट तोकिएको छ यो दर रेट हटाउनु पर्ने ।
४३. घर बनाउन काठको लागी निवेदन दिईयो भने तत्काल काठ उपल्बध गराउनु पर्ने ।
४४. तराई मधेशका ३० प्रतिशत जनताको नाम नागरिकतामा गलत भएको छ कसरी सच्चाउने र अव कसरी गलत हुनबाट रोक्ने ध्यान दिनु पर्ने ।
४५. शिसवाको स्वास्थ्य चौकी हस्तानतरण गर्नु पर्ने, बर्थिगं सेन्टरमा जनशक्ति व्यवस्था गर्नु पर्ने ।

## जिज्ञासाको सम्बोधन :

**१. स्थानीय विकास अधिकारीः जगन्नाथ पन्तः**

हामि यहाँ आयौ यहाँको अवस्था देख्यो तपाईहरु ढुक्क हुनुहोस केही न केही परिवर्तन हुन्छ । यहाँको सार्वजनिक सुनुवाई वास्तमै काठमान्डौमा गरिने नागरिक सुनुवाई भएको छ यहाँहरुको सुझावलाई हामिहरुले ग्रहण गर्छौ । गाविसमा सचिव नवस्ने लगायत विकास निमार्णका बिभिन्न समस्या राख्नु भयो । यस्ले हामीलाई पहिला के कार्यमा प्राथामिकता दिनु पर्छ भन्ने कुराको जानकारी भएको छ । म नयाँ आएको छु योजनाहरुको विषयमा राजनैतिक दलसंग छिट्टै छलफल गर्छु । बाटोको अवस्था जुन हुनु पर्ने त्यो देखिएन, मंसिर १ देखी७ गते भित्रमा ७ सम्मा ढुंगा गिट्टि बालुवा पाईन्छ आज टेन्डर परिसको छ । बजेट फ्रिज, सडक गुणस्तरमा हाम्रा ऐन, नियम तथा कानुनले पनि समस्या पारेका छन् टेण्डर खुल्छ कम कबुल गर्नेलाई दिनु पर्ने हुन्छ जस्मा १ लाखमा गर्नु पर्ने काम ६० हजारमा गर्दा गुणस्तर हुदैन । ठेकेदारले काम नर्गादिदा बजेट फ्रिज हुन्छ जस्ले काम हुन सकेको छैन यसमा सबैको सामुदायिक दाईत्व हुनुपर्छ । गाउँ परिषदबाट बजेट पास गर्दा पहिलो आवश्यकतालाई ध्यान दिनु पर्छ सचिसवले गलत गरेमा उजुरी गर्नुहोस कारवाही हुन्छ । सामाकि परिचालक गाउँका चालक हुनु पर्छ गाउँमा सरसफाई लगायतका कुराहरु सिकाउनु पर्छ सामाजिक परिचालकले प्रश्न गर्ने होईन । सके सम्म आफै चर्पी बनाउनु पर्छ । गाविसले जनतासंग रकम उठाएर ठेक्कामा चर्पी बनाउनु हुदैन यो गलत हो ।

२. **मेघनाथ पाध्य प्रशासकिय अधिकृत जिल्ला प्रशासन :**

बिभिन्न विषयमा प्रश्न उठे वास्तवमै सार्वजनि सुनुवाई अत्यान्तै राम्रो भएको छ । जिल्ला प्रशासन कार्यालयमा कर्मचारीहरु हुन्छन १ न. कोठामा नभए २,३,४,५ मा कर्मचारी हुन्छन तपाइहरुको काम हुन्छ । नागरिकता समस्या राष्ट्रको ठूलो समस्या हो २०६४ साल पहिले जस्ले जन्मको आधारमा नागरिकता प्राप्त गरे उनिहरुका सन्तानले नागरिकता प्राप्त गर्न समस्या छ । गएको संविधान सभा निर्वाचन पहिले राजपत्रमा उनिहरुका सन्तानले नागरिकता पाउने व्यवस्था रहेता पनि त्यो राजपत्र लागु भएको मितिबाट ६ महिना भित्रमा संसदबाट बिधेय कबनेर नआउदा पुनः समस्या भएको छ । जस्को बुवा, आमाको वंसजको नागरिकता छ उसकालागी सर्जमिन चाईदैन । ५० कि.जी. सम्म रासायानिक मल ल्याउन छुट छ । त्यो हामीले व्यवहारिक हिसापले मिलाएको छौ तर कानुनी हिसावले यो गलत हो । बालुवा र गिट्टीको टेण्डर खुलेको छ मात्र आन्तरिक निकासकोलागी ।

३. **बिरेन्द्र कुवर सडक डिभिजन कार्यालय :**

हुलाकी सडक भारत सरकारले बनाउने सम्झौता भएको छ, प्रयाप्त रकम आएको छैन । त्यसैले सानो तिनो खाल्डोहरु पुर्ने कार्य भएको छ । दशैमा गिट्टी बालुवा निकाल्न नपाउदा मर्मत हुन सकेन । हरदौना देखी डुमरा सम्मको बिग्रिएको बाटो मर्मत हुन्छ । बर्गदी पुलमा माटो पटान हुन्छ ।

४. **प्रेम प्रसाद डोटेल खानेपानी तथा सरसफाई डिभिजन कार्यालयः**

ट्यूबेलको पानी पिउदा ट्यूबेलको माथिबाट सिमेन्ट प्लेट बनाउनु आवश्यक छ । प्लेट नभएमा त्यो पानी तल जाने हुदा पानि फोहोरो हुन्छ ।

**५. खेम बहादुर पाठक सिचाई डिभिजन कार्यालयः**

२५ हेक्टर भन्दा माथीको जग्गालाई सिचाईले हेर्छ, शायर बाध, जवई सिचाई आयोजना, बेल बर्घदी आयोजनामा हामीले काम गर्दैछौ ।

**६. राज किशोर यादव कार्यालय प्रमुख पशु सेवा कार्यालयः**

गाई, भैसी र बाखको बिज पाईन्छ सके कार्यालयमा ल्याउनुहोस नसके फोन गर्नुहोस हाम्रो कर्मचारी आएर बिज दिन्छन । एउटा बिजको २५ रुपैया पर्छ । तपाई घर सम्म आएको यातायात तपाईहरुले दिनु पर्छ । बहादुरगंजको सेवा केन्द्रको काम सुरु हुदैछ, सामुदायिक पशु प्रजनन केन्द्रलाई सकृय बनाउनु होस । कोही प्राविधिक भएमा कार्यालयमा पठाउनु होस हामी तालिम दिन्छौ उनिहरुले गाउँमा आएर काम गर्छन । बर्षको ३ लाख रुपैयाले १६ वटा पशु सेवा केन्द्रमा औषधी पुर्‍याउनु पर्छ त्यसैले औषधीको समस्या छ । पशु बिमा गनु होस, युवा स्वरोजगार सूचना दर्ता गर्नु होस ।

**७. खुर्सेद अहमद कार्यालय प्रमुख कृषी कार्यालय :**

साना सिचाईकालागि सहकारी तथा समिति मार्फत आउनुहोस प्रकृयागत रुपमा मिलाएर हामी पप्पसेट बोरीगं उपलब्ध गराउछौ । ठूला सिचाई योजनाकालागि सिचाई डिभिजन नल्कुप सिचाईमा प्रयास गर्नुहोस । बिउ, बिजन, प्राविधिक सहयोग लगायतका कुनै पनि जमानकारी चाहिएमा हामीहरुको टोल फ्री नम्बरमा सम्पर्क गर्नुहोस ।

**८. हरि प्रसाद गौतम जिल्ला शिक्षा अधिकारीः**

बिद्यालयको व्यवस्थापनमा स्थानीय आफै लाग्नुहोस बि.नि.ले अनुगमन मात्र गरेर हुदैन, बिद्यार्थीहरुलाई बिद्यालय पठाउनु होस। शिक्षकले नपढाएमा बिद्यालय नआएमा हामिलाई फोन गर्नुहोस छात्रवृत्तिको रकम भवन निमार्णमा गाएको भए उजुरी गर्नुहोस । बिद्यालयको चुनावलाई संसदको भन्दा ठूलो नबनाउनुहोस । बिद्यालयको प्र.अ.लाई परिवर्तन गर्नु पर्यो भन्दै ठूला ठूला नेता बिद्यालयमा आउछन नियम अनुसारकाम गर्नु पर्यौ सबैले सबैमा हात हाल्न भएन । बिद्यालय दर्ताकालागी पुसमा निवेदन दिनुहोस । सि.एल.सी.ले प्रत्येक वर्ष ५० हजार पाउछन । सि.एल.सी सकृय हुनु पर्यो निरक्षर उनमुलन कार्याक्रम आएको छ सि.एल.सी ले गर्नु पर्यौ ।

**९. सुस्मा आचार्य महिला तथा बालबालिका कार्यलय.:**

अपागं कार्ड जिल्ला जन स्वास्थ्य, गाविसको सिफारिसमा ५ जनाको समितिले बनाउने हो । यदी अपागंको अवस्था बिग्रदै गएमा पुनः बनाउन सकिन्छ । पढ्न जान समस्या भएको बिद्यार्थीहरुका लागि बिभिन्न संघ संस्थाहरु वहील चेयर उपलब्ध गराउछन तौलिहवामा रहेको आई.एन.एफ.ले पनि ति सामाग्रीहरु उपलब्ध गराउदै आएको छ । त्या सम्पर्क गर्दा राम्रो हुन्छ । शहकारी दर्ता शहकारी डिभिजनले गर्ने हो । महिला तथा बालबालिका कार्यलयले सिफारिस दिई सकेको छ ।

**१०. किरण मान बज्राचार्य उपाध्यक्ष पत्रकार महासंघ :**

पत्रकारहरुको काम स्वच्छ र निश्पक्ष भएर गाउँ ठाउँमा भएका राम्रा नराम्रा बिभिन्न गतिबिधीहरु जनता समक्ष ल्याउने हो । कुनै ठाउँमा हामी नपुग्न सक्छौ त्यस्तो अवस्थामा हामीलाई जानकारी दिनुहोस हामी लेख्नेछौ ।

११. **टिकाराम आचार्य गाविस सचिव महारागंजः**

चर्पी बनाउदा हामिहरुले सिट, ४ वटा रिगं र ढकनकोलागी १५०० र लेवरकोलवागी ८०० रुपैया उठाएको पानी हाल्ने काम जसको घरमा चर्पी बन्छ उही घरको हो ।

१२. **गाविस सचिव हरदौनाः**

दलित पोषण भत्ता लेखाउदा राजनैतिक दलका मान्छेहरुले आफ्ना मान्छेहरुको समस्या भएको छ ।

**सार्वजनिक सुनुवाईका निर्णयहरू... :**

१. जिल्ला विकास समिति, विषयगत कार्यालयहरु र गैर सरकारी संस्थाहरुवाट भैरहेको सेवा प्रवाह र सेवालिने सेवाग्राहीले सेवाको वारेमा दिएको अभिव्यक्तिहरु नागरिक प्रतिवेदन मार्फत सार्वजनिक गरीयो ।

२. महाराजगंज प्रा.स्वास्थ्य केन्द्रमा :द्यद्यक डाक्टरको दरवन्दी रहदा रहदै पनि डाक्टर उपलब्ध नहुदा सेवावाट बञ्चित नागरिकहरुलाई सेवा दिनको लागि डाक्टर उपलब्ध गराउन सम्वन्धित निकायमा पत्राचार गर्ने ।

३. गाविसको संख्या भन्दा गाविस सचिवको संख्या कम हुदा गाविसको काम प्रभावित भै सेवाग्राहीलाई परेको समस्या निराकरणको लागि दरवन्दी अनुसार गाविस सचिव पठाईदिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पूनः अनुरोध गर्ने ।

४. जिविसवाट प्रेषित गरिने जरुरी सूचनाहरु तुरुन्त प्राप्त गर्न टोल फ्रि नम्वर वा सो सम्वन्धि सेवा तत्काल प्राप्त हुने अन्य सूचना प्रविधिको व्यवस्था गर्न माग भए अनुसार, सोको व्यवस्थापन गर्न स्था.वि.अ.वाट प्रतिवद्धता जाहेर भयो ।

५. यस जिल्लाका विभिन्न गाविसमा संञ्चालन भएका बर्थिंग सेन्टरहरुमा जनशक्तिको अभाव भै सेवा प्रभावित भएकोले दरवन्दीसहित जनशक्ति व्यवस्थापन गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने ।

६. विजगौरी चौहट्टा महाराजगंज सडकको स्तरोउन्नती गरी तौलिहवा महाराजगंज सडकलाई कालो पत्रे गर्न माग आए बमोजिम उक्त सडक चालु आ.व.वाट वटाशिल गर्ने स्था.वि.अ.वाट प्रतिवद्धता जाहेर भयो ।

**निष्कर्ष :**

सामाजिक जवाफदेहिता अभिवृद्धिकोलागि सार्वजनिक सुनुवाई एउटा बलियो संन्यत्र हो । कपिलवस्तु जिल्लाको शिसवा गाविसमा सम्पन्न सार्वजनिक सुनुवाईले जिल्लाका जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, डिभिजन खानेपानी तथा सरसफाई कार्यालय, जिल्ला कृर्षि विकास कार्यालय, सडक डिभिजन, सिचाई डिभिजन लगायतका बिभिन्न सेवाप्रदायक निकायलाई आफ्नो काम र कर्तव्य प्रति जिम्मेवार बनाउन मात्र नभई आम नागरिकले सामाजिक जवाफदेहिता अभिवृद्धि गर्नकालागि के भूमिका निर्वाह गर्नु पदर्छ, नागरिकका कर्तव्य के हुन भन्ने बिषयमा आम नागरिकलाई पनि

जिम्मेवार बोध गराउन सफल भएको छ । सार्वजनिक सुनुवाईलेशिसवाको स्वास्थ्य चौकीको अवस्था, शिक्षाको अवस्था, सडक दुरा अवस्था, पुल, खानेपानी तथा सरसफाई लगायतका समस्याबारे सरोकारवालाई जिम्मेवार बन्न मद्दत पुऱ्याउनका साथै पहिलो प्राथामिकतामा के लाई राख्नु पर्छ भन्ने कुराको समेत जानकारी दिलाएको छ । यसै गरि यि समस्या समाधान गर्न नागरिकको के भूमिका हुने भन्ने विषयमा पनि नागरिकहरु जानकार भएका छन् जस्ले आम नागरिक जिम्मेवार बन्न मद्दत गर्नेछ । तसर्थ : यस्ता सार्वजनिक सुनुवाई निरन्तर हुन थालेमा नागरिकले गुनासोमात्र नभई समाधान पनि खोज्नथाल्ने छन् भने समाजमा रहेका भष्ट्राचार बेथिती र आर्थिक अपराध हराएर उत्तरदायी समाजको निमार्ण हुनेछ ।

## नागरिक प्रतिवेदन पत्र तथा Exit Poll शाराशं

### जिविस कपिलवस्तु

- नागरिक प्रतिवेदन पत्रमा सहभागि सेवाग्राही संख्या : ३५
- नागरिक प्रतिवेदन पत्रमा सहभागी सेवाग्राहीको लिङ्ग : महिला ४ पुरुष ३१
- नागरिक प्रतिवेदन पत्रमा सहभागी सेवाग्राहीकोशिक्षा : निरक्षर, साक्षर, आई.ए. सम्म
- नागरिक प्रतिवेदन पत्रमा सहभागी सेवाग्राहीको जातः ब्राहमण, दलित, जनजाति,क्षेत्री मुस्लिम अन्य
- नागरिक प्रतिवेदन पत्रमा सहभागी सेवाग्राहीको उमेरः१८ देखि ६० वर्ष सम्मका
- नागरिक प्रतिवेदन पत्रमा सहभागीहरुले सेवा प्रदायक संस्थाबाट सेवा प्राप्त गरेका मितिः २०७१ असौज २५ देखिकार्तिक २० गते सम्म

### सेवा प्रदायक संस्था बाट लिएको सेवाको प्रकारः

नागरिकता, सिफारिस, शौचालय निर्माण, खानेपानी, कल्भर्ट, मन्दिर, बाटोघाटो, भवन, ऋणपूजी, जानकारी लिने ।

### Exit Pool n (सन्तुष्टि वा असुन्तुष्टि जनाउने)

### १. सेवाको सन्तुष्टि

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?
अतिसन्तुष्ट ( १५% ) स्पष्ट ( २१% ) अस्पष्ट ( ३९ % ) अति अस्पष्ट नराम्रो ( २५ % )

१.२ तपाइले प्रस्तुत गर्नु भएको समस्यालाई समाधान गर्न सेवा प्रदायक कति हदसम्म तत्परता भएको पाउनु भयो ?
अति सन्तुष्ट ( १७% ) स्पष्ट ( २३% ) अस्पष्ट ( ३१ % ) अति अस्पष्ट नराम्रो ( २९ % )

१.३ तपाईले प्राप्त गर्नु भएको सेवामा तेश्रो व्यक्ति(सेवा प्रदायक र आफु)को सहयोग कति थियो ।

अति सन्तुष्ट ( २७% ) स्पष्ट ( ३३% ) अस्पष्ट ( २५ % ) अति अस्पष्ट नराम्रो ( १५ % )

१.४ सेवा प्राप्त गर्नको लागी आवश्यक कागजात शुल्क, समय सम्वन्धि तपाईलाई कति जानकारी थियो ?

अति सन्तुष्ट ( १३% ) स्पष्ट ( २५% ) अस्पष्ट ( ३२ % ) अति अस्पष्ट नराम्रो ( ३० % )

१.५ सेवा प्रदायकको व्यवहार कस्तो थियो ?

अति सन्तुष्ट ( ३४% ) स्पष्ट ( ३२% ) अस्पष्ट ( २७ % ) अति अस्पष्ट नराम्रो ( ७ % )

१.६ एकै प्रकारको सेवामा तपाईले प्राप्त गर्नुभएको र अन्य सेवा प्रापकले प्राप्त गरेको सेवाका कति अन्तर पाउनु भएको छ ?

अति सन्तुष्ट ( १७% ) स्पष्ट ( ३२% ) अस्पष्ट ( ३७ % ) अति अस्पष्ट नराम्रो ( १४ % )

१.७ सेवा प्रदान गर्नको निम्ति अपनाईएका प्रकृया वारे तपाई लाई कति जानकारी छ ?

अति सन्तुष्ट ( १८% ) स्पष्ट ( २३% ) अस्पष्ट ( ४५ % ) अति अस्पष्ट नराम्रो ( १४ % )

१.८ तपाईले अपेक्षा गरे अनुसारको सेवा कति हद सम्म संलग्न भएको पाउनु भएको छ ?

अति सन्तुष्ट ( १९% ) स्पष्ट ( २८% ) अस्पष्ट ( ३२ % ) अति अस्पष्ट नराम्रो ( २१ % )

१.९ सेवाको संरचना र प्रकृति निर्माण र विकासमा तपाईको सहभागीता र सुझाब कति रहन गयो ?

अति सन्तुष्ट ( % ) स्पष्ट ( ९% ) अस्पष्ट ( ५२ % ) अति अस्पष्ट नराम्रो ( ३९ % )

१.Exit Pollसहभागी बिभिन्न उमेर समुह, धर्म, जात र बिभिन्न निरक्षर देखी आई. ए. सम्मका शैक्षिक स्तरका जिल्ला विकास समितिमा सेवा लिन आएका ३५ जना नागरिकहरुसंग गरेको कुराकानीको आधार हेर्नेहो भने समग्रमा जिल्ला विकास समितिमा सेवा लिन आउने सेवाग्राहीको भोगाई निम्न अनुसार देख्न सकिन्छ । सेवा अति संन्तोषजनक छ भन्नेमा १८% प्रभावकारी स्पष्ट नैछ भन्नेमा २५% ठिकै छ तर सुधार गर्नु पर्छ भन्नेमा ३५ % हैन सेवा बिल्कुलै काम नलाग्ने छ, सुधार गर्नु पर्छ अथवा अति अस्पष्ट नराम्रो भन्नेमा २२ % मत देखिएको छ ।




## २ . सेवा प्राप्त गर्दाका समस्या र के गर्दा राम्रो हुन्थ्यो ।

२.१ सेवा प्राप्त गर्न सेवा शुल्क बाहेक के अन्य रकम तिर्नु भएको थियो ?

**तिर्ने ३ जना नतिर्ने ३२ जना**

२.२ तपाईले प्राप्त गर्नु भएको सेवा सो निकाय बाहेक अन्य कुन निकायले गर्दा अझ सरल र समयमै प्राप्त गर्न सकिन्छ होला ?

**गैसस ३ जना, गाविस १४ जना र  थाहा छैन १८ जना**

२.३ कुन प्रकृया वा कागजात कम गरेमा सेवा प्राप्त गर्न सजिलो हुन्थ्यो ?

**नागरीकताको फोटोकपी (ऋण पूजी) ९ जना,  थाहा छैन २६ जना**

२.४ कार्यालयले प्रतिबद्ध गरेको समय अनुसारनै के तपाईले सेवा प्राप्त गर्नु भयो ?

**गरीयो ८ जना,  भएन ११जना, थाहा छैन १६ जना**

२.५ कार्यालयले प्रतिवद्ध गरेको अनुसारकै सेवा प्राप्त गनु भयो ?

**पाए३ जना, पाईएन  ७ थाहा छैन २५ जना**

बिभिन्न उमेर समुहका ३५जना संग गरिएको कुराकानी हेर्दा ३ जनाले सेवा प्रवा प्राप्त गर्दा अतिरिक्त शुल्क तिरेको ३२ जनाले नतिरेको बताएका छन् ।

## ३. नागरिक प्रतिविदनपत्रमा सेवाग्राही सन्तुष्टि र असन्तुष्टिको अवस्था ।

स्थानिय निकाय ऐन २०६७ को सार्वजनिक सुनुवाई सेवा सेवा प्रदायक निकायले प्रदान गर्ने सेवा अनुसूची – २ बुँदा नम्बर ६.१३. सँग संबन्धितनागरिक प्रतिवेदन**(Citizen Report Card )**नागरिक प्रतिवेदन पत्रमा सहभागी बिभिन्न उमेर समुह, धर्म, जात र बिभिन्न निरक्षर देखी आई. ए. सम्मका शैक्षिक स्तरका जिल्ला विकास समिति लगायतका सेवा प्रदायक निकायमा सेवा लिन आएका ३५ जना नागरिकहरुसंग गरेको कुराकानीको आधार हेर्ने हो भने समग्रमा सेवा प्रदायक निकायमा सेवा लिन आउने सेवाग्राहीको भोगाई निम्न अनुसार देख्न सकिन्छ ।




सेवा अति संन्तोषजनक छ भन्नेमा ५% प्रभावकारी स्पष्ट नैछ भन्नेमा १२% ठिकै छ तर सुधार गर्नु पर्छ भन्नेमा ४० % सेवा अस्पष्ट र नराम्रो छ भन्नेमा २८ र अति अस्पष्ट र नराम्रो छ भन्नेमा १५ % मत देखिएको छ । यसरी हुने पर्दा सेवामा सुधार ल्याउनु पर्ने देखिन्छ ।

## नतिजाको आधारमा गरीएका सुझावहरू

## क) नीतिगत सुझावहरू

- कार्यालयहरुले दिने कार्य प्रणाली सरल र सुलभ हुनु पर्ने
- लक्षित वर्गको लागि विशेष कार्यक्रम तर्जुमामा उनिहरुकै सहभागिता वनाउनु पर्ने

- उपभोक्ता समूहमा यूवा तथा महिलाको सख्या वृद्धि गर्नु पर्ने ।
- सेवा प्रवाह सवन्धी  गाउं गाउं सम्म लैजानु पर्ने ।
- जिविस द्धारा संचालित कार्यक्रम तथा योजनाहरुको अध्यावधिक अनुगमन तथा निरिक्षण गर्नु पर्ने

## ख)  कार्यरत सुझावहरुः

- विभिन्न प्रयोजनका लागि वनेका नितिहरु  सही रुपमा कार्यान्वन हुनुपर्ने ।
- उपभोक्ता समूह मार्फत योजनाहरु संचालन गरीनु पर्ने र तयसको अनुगमन सही रुपमा गर्नु पर्ने ।
- नागरीक वडापत्रको व्यापक प्रचार प्रसार र अनुगमन गर्नु पर्ने
- कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नु पर्ने
- कार्यालयमा सूचना डेस्क र ग्राहक सेवा डेस्कको स्थापना गर्नु पर्ने
- सम्वन्धित उपभोक्ता तथा लाभग्राही वर्गलाई योजना शुरु हुनु पूर्व योजना बारे सुसूचित गराउनु पर्ने

प्रतिवेदक
बसन्त बन्जाडे
रिपोटर्स क्लव
कपिलवस्तु